# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

## बबरमहल, काठमाडौं

**प्रमुख ईन्जिनियर (हाईड्रो) (तह १०) पदमा व्यवस्थापन करारद्वारा पदपूर्तिको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

### १. कम्पनीको परिचय:

अपार जलश्रोतको धनी मुलुक नेपालमा यसको उचित उपयोग गर्न नसकेको कारण हाल ऊर्जा संकट गहिरिदै गएको अवस्था छ। यसै परिप्रेक्ष्यलाई मनन् गर्दै मुलुकको जलश्रोतको यथोचित विकास एवं व्यवस्थापन गर्नको लागि वित्तीय श्रोतसाधनको अभाव महशुश गरिएको छ। मुलुकको आर्थिक सामाजिक रुपान्तरणको प्रमुख माध्यमको रुपमा रहेको जलश्रोतको विकास मार्फत वर्तमान उर्जा संकटलाई समाधान गर्नुको साथ साथै मुलुकको समृद्धि प्राप्तिमा समेत ठूलो टेवा पुऱ्याउने हेतुले अभाव रहेको वित्तीय साधन प्रवाह गर्न एक पव्लिक लिमिटेड कम्पनी संस्थापना गर्ने निर्णय भए अनुरुप मिति २०६८ असार २७ गतेका दिन जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको स्थापना भएको हो। कम्पनीको कार्यालय बबरमहल, (जिल्ला विकास समितिको कार्यालय काठमाण्डौं कम्प्लेक्स) काठमाण्डौंमा रहेको छ। कम्पनीको हालको पूँजी संरचना यस प्रकार रहेको छ।

कम्पनीको अधिकृत पूँजी रु. ५० अर्ब रुपैया रहेको, तत्काल जारी शेयर पूँजी रु १० अर्ब रुपैया रहेको छ। जारी पूँजी रु. १० अर्बमध्ये नेपाल सरकारका तर्फबाट रु. ५ अर्ब, कर्मचारी संचयकोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषका तर्फबाट रु.१/१ अर्ब संस्थापक शेयरधनीका रुपमा लगानी रहेको र रु. २ अर्ब सर्वसाधारणका लागि छुट्याइएकोमा हाल सो समेत निष्काशन भई चुक्ता भईसकेको छ।

### २. कम्पनीको उद्देश्य:

(क) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा कम्पनीले शेयर वा ऋण लगानी गर्ने।

(ख) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनाका लागि बैंक तथा वित्तीय संस्था मार्फत लगानी गर्ने।

(ग) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट ऋण तथा अनुदान प्राप्त गर्ने।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने।

(ङ) जलविद्युत परियोजनाले जारी गर्ने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।

(च) जलविद्युत परियोजनाहरुको प्राविधिक मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्नेछ।

### ३. प्रमुख ईन्जिनियर (हाईड्रो) पदको कार्यविवरण:

क) कार्य सारांश :

कम्पनीमा लगानीका लागि प्राप्त परियोजना प्रस्तावहरू तथा लगानी भएका परियोजनाहरूको प्राविधिक पक्षको विश्लेषण तथा मूल्याङ्कन।

ख) काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी :

- परियोजनामा लगानीका लागि कम्पनीमा प्राप्त परियोजना प्रस्तावको प्राविधिक पक्षको मूल्याङ्कन गरी गराई राय सहितको प्रतिवेदन पेश गर्ने ।
- प्रस्तावित आयोजनाहरूको प्राविधिक पक्ष जस्तै Geological, Hydrological, Electro Mechinical, Enviromental and Socio–Economical क्षेत्रको प्राप्त प्रतिवेदनका Data Verification गर्ने ।
- प्रस्ताव मूल्याङ्कनको लागि स्थलगत अध्ययन गरी प्राप्त तथ्याङ्क र आयोजनाले पेश गरेको तथ्याङ्क बीचको समानता र भिन्नतालाई पहिचान गरी Major Deviation भए नभएको एकिन गरी राय पेश गर्ने ।
- प्रस्तावित आयोजनाको अन्तरनिहित जोखिमका क्षेत्र र सम्भावित चुनौती पहिचान गरी जोखिम न्यूनीकरण गर्न र चुनौतीको सामना गर्न चाल्नु पर्ने सुधारात्मक कदमको पहिचान गर्ने ।
- कम्पनीबाट प्रस्तावित आयोजनामा लगानी गर्न प्रस्तावकले चाल्नुपर्ने र सुधार गर्नुपर्ने क्षेत्र र विषयको यकिन गरी लगानी गर्न सकिने नसकिने विषयमा ठोस राय प्रस्तुत गर्ने ।
- कम्पनीबाट लगानी भएका प्रत्येक आयोजनाको आवधिकरुपमा स्थलगत अनुगमन तथा निरिक्षणको आधारमा कार्य प्रगतिको समिक्षा गरी समस्याको पहिचान गर्ने तथा समाधानकालागि सूझाव प्रस्तुत गर्ने ।
- कम्पनीबाट लगानी भएका प्रत्येक आयोजनाको बार्षिक रूपमा Due - Diligence गर्ने ।
- संयुक्त लगानीमा सञ्चालित आयोजनाको छुट्टै विज्ञ समुहबाट Due - Diligence भएको अवस्थामा प्रतिवेदन अध्ययन गरी यथार्थ राय पेश गर्ने ।
- कम्पनीबाट लगानी भएका आयोजनाहरूको आर्थिक एवं भौतिक प्रगतिको अवस्थाको अद्यावधिक विवरण तयार गरी राख्ने ।
- कम्पनीबाट ऋण प्रवाह गर्दा कार्य प्रगतिको आधारमा किस्तावन्दी रुपमा ऋण प्रवाह गर्ने नीति रहेकाले आयोजनाको कार्य प्रगतिको स्थलगत अनुगमन र निरीक्षण गरी थप किस्ता भूक्तानीका लागि सिफारिस गर्ने ।
- समस्याग्रस्त आयोजनाको समस्या निराकरणका लागि यथार्थ चित्रण सहितको समाधानका विकल्पहरू प्रस्तुत गर्ने ।
- प्रमुख कार्यकारी अधिकृत वा नायब महाप्रवन्धक (हाईड्रो) बाट प्राप्त निर्देशन अनुसार अन्य सम्बन्धित कार्य गर्ने ।
- आफू कार्यरत विभागमा विद्यमान प्राविधिक जनशक्तिको अतिरिक्त अन्य प्राविधक विशेषज्ञ आवश्यक पर्ने भएमा सोको TOR तयार गरी पेश गर्ने ।
- आयोजनाको समग्र मूल्याङ्कन प्रतिवेदन तयार गर्दा कम्पनीका अन्य शाखा एवं पदाधिकारी तथा मातहतका कर्मचारीसँग निकटतम सम्पर्क, सहयोग र समन्वय कायम राखी कार्यसम्पादन गर्ने ।
- आफु मातहतका विभाग वा शाखा वा इकाइअन्तर्गतका कर्मचारी परिचालन, विदा स्वीकृति लगायत सम्पूर्ण प्रशासनिक कार्य सम्पादन गर्ने ।
- सुपरिवेक्षकबाट निर्देशित अन्य कुनै कार्य गर्ने वा जिम्मेवारी निर्वाह गर्ने ।

ग) अधिकारको सीमा

- कम्पनीको प्रबन्धपत्र, नियमावली, विनियमावली र कार्यविधिले तोकेबमोजिम वा सञ्चालक समित वा प्रमुख कार्यकारी अधिकृतले प्रत्यायोजन गरेबमोजिम ।

## ४. न्यूनतम शैक्षिक योग्यता र अनुभव:

(क) न्यूनतम योग्यता: जलविद्युत सम्बन्धी इन्जिनियरिङ्ग विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित विषयको अधिकृत स्तरको पदमा कम्तीमा ५ बर्षको अनुभव हासिल गरेको ।

(ख) उमेर: ४५ वर्ष ननाघेको ।

## ५. कार्य योजना सहितको प्रस्ताव पेश गर्नुपर्ने :

(क) जलविद्युत लगानी तथा विकास कम्पनीको उद्देश्य नीति एवं रणनीति परिपूर्तिको लागि उक्त पदले सम्पादन गर्नुपर्ने कार्यविवरण तथा प्रस्ताव मूल्यांकनका निर्धारित आधारलाई समेत मनन् गरी आफ्नो Vision तथा दृष्टिकोण सहितको विस्तृत कार्य योजनाको प्रस्ताव प्रस्तुत गर्नुपर्नेछ ।

कार्य योजनाको प्रस्तावमा cover page बाहेक अन्य कुनै पनि पानामा आफ्नो परिचय खुल्ने गरि कुनै पनि विवरण उल्लेख गर्नु हुदैंन ।

(ख) उम्मेदवारले चार प्रति कार्य योजनासहितको प्रस्ताव (४५०० शब्दमा नबढने गरी) सिलबन्दी रुपमा पेश गर्नु पर्नेछ ।

(ग) उम्मेदवारले दस्तुर वापत रु. १०००।- नगदै वा कम्पनीको नाउमा एभरेष्ट बैंकमा रहेको खाता (नं. ००१००१०५२०१०९८) मा दाखिला गरेको सक्कल भौचर समेत साथै राखी पेश गर्नुपर्ने छ ।

## ६. मूल्यांकनका आधार:

| | | | | |
|---|---|---|---|---|
| १. | उम्मेदवारहरुको व्यक्तिगत शैक्षिक योग्यता वापत | | | ५ अंक |
| | (क) स्नातकोत्तर | | ४ अंक | |
| | (अ) प्रथम श्रेणी वापत | ४ अंक | | |
| | (आ) द्वितीय श्रेणी वापत | ३ अंक | | |
| | (ई) तृतीय श्रेणी वापत | २ अंक | | |
| | (ख) विद्यावारिधी | | १ अंक | |
| २. | उम्मेदवारको अनुभव वापत | | | १० अंक |
| | (क) न्यूनत्तम ५ वर्षको अनुभव वापत | | ५ अंक | |
| | (ख) अतिरिक्त अनुभव वापत प्रतिवर्ष १ का दरले अधिकतम | | ५ अंक | |
| ३. | व्यवसायिक तथा वित्तीय कार्य योजना वापत | | | २० अंक |
| | (क) विषयवस्तुको समग्रता: सम्बन्धित विषयवस्तुको पहिचान (Comprehensiveness: Coverage of Issues) | | ५ अंक | |
| | (ख) संगठनको नीति उद्देश्य तथा कामहरुको विषयमा रहेको जानकारी | | ५ अंक | |
| | (ग) प्रस्तावमा उठाइएका विषयवस्तुहरुको बुझाई, विश्लेषण, र लेखन शैली | | ५ अंक | |

(घ) कार्ययोजना (संरचना, समस्या पहिचान र समाधानका उपाय) ५ अंक

४. व्यक्तिगत अन्तर्वार्ता (व्यक्तित्व, आत्मविश्वास, विषयवस्तुको ज्ञान) वापत १० अंक

५. प्रस्तुतीकरण (विषयवस्तु र उद्देश्यको स्पष्टता, तर्कपूर्ण अभिव्यक्ति र उठाइएका मामला संबोधन गर्ने क्षमता) वापत ५ अंक

जम्मा ५० अंक

## ७. पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:

(क) शैक्षिक योग्यता, कार्य अनुभव, तालिम तथा सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रका प्रतिलिपिहरु स्वयं प्रमाीित गरी पेश गर्नुपर्नेछ ।

(ग) प्रस्ताव प्रस्तुतीकरण गर्न आउँदा शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल समेत साथै लिई आउनुपर्नेछ ।

८. झुठो विवरण वा कागजात पेश गरेमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

९. छनौट भईसकेको उम्मेदवारसँग कार्यसम्पादन सम्झौता गरिनेछ ।